गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

गोरखा

# मासिक जनस्वास्थ्य बुलेटिन

आ.व.:२०८२/०८३ वर्ष:पहिलो अंक:१ महिना:मंसिर प्रकाशित मिति :२०८२ पुष १ गते

यस मासिक जनस्वास्थ्य बुलेटिनको प्रकाशनले गोरखा जिल्लामा सञ्चालन हुने समग्र जनस्वास्थ्य कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा चुनौतीहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गरी पारदर्शी सूचना साझेदारीलाई सुदृढ गर्ने उद्देश्य राखेको छ। यसबाट स्थानीय सरकार, सरोकारवाला निकाय एवं समुदायबीच तथ्यमा आधारित निर्णय, प्रभावकारी समन्वय तथा स्वास्थ्य सेवा सुधारका प्रयासहरू थप सबल हुने अपेक्षा गरिएको छ।

## मंसिर महिनाका मुख्य क्रियाकलापहरु

- ३८औं विश्व एड्स दिवसको अवसरमा प्रदेश जनस्वास्थ्य कार्यालय गोरखा, एड्स हेल्थकेयर फाउन्डेसन र प्रदेश अस्पताल गोरखाको सहकार्यमा सचेतनामुलक हाजिरीजवाफ र दिप प्रज्वलन कार्यक्रम सम्पन्न गरिएको।
- स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुसँग मासिक समिक्षा बैठक सम्पन्न गरिएको।
- राष्ट्रिय खोप कार्यक्रमको समिक्षा एवं सुक्ष्म योजना गोष्ठी सम्पन्न गरिएको एवं भ्याक्सिनजन्य फोहोर वैज्ञानिक तरिकाले व्यवस्थापन गरिएको।
- जिल्लामा रहेका क्षयरोग माइक्रोस्कोपिक सेन्टरहरुबाट Quality control नमुना संकलन गर्नुका साथै कोहोर्ट विश्लेशण र अनसाइट कोचिङ सम्पन्न गरिएको।
- बारपाक सुलिकोट गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा DHIS2 र विभिन्न पालिकाहरुमा CBIMNCI सम्बन्धी अनसाइट कोचिङ सम्पन्न गरिएको।
- पालुङटार नगरपालिकामा PAMS V2 सम्बन्धी प्राविधिक सहजिकरण गरी स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि भएको।
- गण्डकी गाउँपालिकामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीहरुलाई मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न गरिएको।

## कार्यालय प्रमुख बिदाइ एवं स्वागत







जनस्वास्थ्य प्रशासक श्री यम प्रसाद शर्मा करिब ३ वर्ष लामो कार्यकाल पुरा गरी प्रदेश आपुर्ति व्यवस्थापन केन्द्रमा सरुवा भई जानुभएको र सोही कार्यालयबाट सरुवा भई आउनुभएको जनस्वास्थ्य प्रशासक श्री सिमृन काफ्लेले २०८२ मंसिर ११ देखि कार्यभार सम्हाल्नुभएको छ।

## आगामी महिनाको योजना

Continuing Public Health Education कार्यक्रम

DHIS2/IHMIS/EHMIS तालिम संचालन

खोपको आधारभूत तथा पुनर्ताजगी तालिम संचालन

पोषण, CBIMNCI र क्षयरोग कार्यक्रमको समिक्षा

किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखिकरण तालिम

बर्थिङ सेन्टरमा कार्यरत प्रसुति सेवाप्रदायकहरुलाई अनसाइट कोचिङ र गुणस्तर सुधार कार्यक्रम

नसर्ने रोगको स्कृनिङका लागि सरोकारवालासँग तयारी बैठक

जिल्ला एम्बुलेन्स समितिको बैठक

आधारभूत अस्पतालहरुको MSS का लागि तयारी

ENT (नाक कान घाँटी) को उपचार सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

## स्वास्थ्य संस्थाहरुको बिगत ३ महिनाको रिपोर्टिङ अवस्था



## स्थानीय तह विशेष

- "स्वस्थ समुदायको निर्माण, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको योगदान" भन्ने नाराका साथ हाजिरीजवाफ, मानसिक स्वास्थ्य सम्बन्धी सचेतना जस्ता कार्यक्रमहरु गरी ११वटै स्थानीय तहहरुमा २८औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाइएको छ।
- आरुघाट आधारभुत अस्पतालमा विशेषज्ञ चिकित्सकबाट सेवा सञ्चालन गर्न प्रदेश अस्पताल गोरखासँग सम्झौता भएको छ साथै आरुघाट गाउँपालिकामा मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ मनाइएको छ।
- गोरखा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत उत्तर प्रसुती भेटको बार्षिक समिक्षा तथा योजना तर्जुमा कार्यक्रम र गोरखा नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा बि एम आई मापन गरी स्वास्थ्य परामर्श सम्पन्न भएको छ।
- भिमसेनथापा गाउँपालिकाको जागेश्वर मा.वि. महादेवटारमा विद्यालयका किशोरकिशोरीलाई योग,ध्यान, मनोसामाजिक परामर्श तथा कानुनी शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।साथै पालिकाले स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समिक्षा सम्पन्न भएको छ।
- धावा स्वास्थ्य चौकीले स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड मुल्याङ्कन गरी सुधारका लागि कार्ययोजना तयार गरेको छ ।




## सान्दर्भिक फोटोहरु



## मंसिर महिनामा प्रकाशित जनस्वास्थ्य लेख

विश्व एड्स दिवसः गोरखाको वर्तमान अवस्था, चुनौती र दिगो प्रतिकार्यको आवश्यकता

https://swasthyakhabar.com/story/61370

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको सार्थकता

https://swasthyakhabar.com/story/61398

## सुझाव र प्रतिक्रियाका लागि

Email: hogorkha@gmail.com

Web address: https://hogorkha.gandaki.gov.np/

Phone:064-420119